४०४

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कानून तथा फैसला कार्यान्वयन महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०८०/८१
च.नं.:- का./७११/१८४१

राष्ट्रिय मानव अधिकार आयोग
दर्ता नं. १०३८
मितिः २०८०।६।१६

मितिः २०८०।०७।०३

विषयः आवश्यक कारबाही सम्बन्धमा।

श्री राष्ट्रिय मानव अधिकार आयोग,
पुल्चोक, ललितपुर।

राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्नका लागि सैद्धान्तिक स्वीकृति दिने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८०।०७।०२ मा निर्णय भएको हुँदा नेपाल सरकार, मन्त्रिपरिषद्को उल्लिखित निर्णयको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक कारबाहीको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

2080/06/02

(अप्सरा वैद्य)
शाखा अधिकृत

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल

श्री सचिव,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको दर्ता नं. १/३३-०८०/७/१ को प्रस्ताव म.प.बै.सं. ३६/०८० मिति २०८०/७/२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु –

नेपाल सरकारको निर्णय –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(बैकुण्ठ अर्याल)
मुख्यसचिव
२०८०/७/२

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

विषयः राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

प्रस्ताव पेस गर्न सम्माननीय प्रधानमन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०८०।०६।३०

१. विषयको संक्षिप्त व्यहोराः

मानव अधिकार आयोग ऐन, २०५३ अनुसार संवत् २०५७ साल जेठ १३ गते मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि मानव अधिकार आयोग स्थापना भएको। नेपालको अन्तरिम संविधान, २०६३ को भाग १५ धारा १३१ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक निकाय बनाएको। मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधिको सम्बन्धमा कानूनी व्यवस्था गर्न व्यवस्थापिका-संसदको हैसियतले संविधान सभाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ जारी गरेको। मानव अधिकार संरक्षण तथा प्रवर्द्धनको प्रतिबद्धतालाई आत्मसात गर्दै नेपालको संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक निकायको रूपमा निरन्तरता दिएको। यसै सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको मिति २०८०/०५/२६ गते बसेको बैठकमा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ प्रतिस्थापन गरी राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमाका लागि सैद्धान्तिक सहमति माग गरी नेपाल सरकारलाई लेखी पठाउने निर्णय भए अनुसार सो आयोगको मिति २०८०/०५/२९ को पत्र अनुसार विधेयकको मस्यौदा तयार गर्न सैद्धान्तिक सहमतिका लागि यस कार्यालयमा अनुरोध भई आएको हुँदा उक्त विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय हुनु पर्ने भएकाले यो प्रस्ताव पेस गरिएको।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः

राष्ट्रिय मानव अधिकार आयोगको मिति २०८०/०५/२६ गते बसेको बैठकमा राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमाका लागि सैद्धान्तिक सहमतिका लगि सो आयोगबाट नेपाल सरकारलाई अनुरोध गरिएको पत्र सहितको अवधारणापत्र संलग्न गरिएको छ। अर्थ मन्त्रालयबाट मिति २०८०/६/२१ तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट मिति २०८०/६/२५ मा सैद्धान्तिक स्वीकृतिका लागि सहमति प्रदान गरिएका पत्रहरू यसैसाथ संलग्न छन्।

३. प्रस्ताव पेस गर्नु पर्नाको कारण र कार्यालयको सिफारिसः

राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति लिने प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषद्मा पेस गर्न सम्माननीय प्रधानमन्त्रीबाट मिति २०८०।०६।३० मा स्वीकृति प्राप्त भएको हुँदा नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ को अनुसूची-१ को विषयसंख्या-४१ बमोजिम यो प्रस्ताव पेस गरेको छु।

४. निर्णय हुनुपर्ने व्यहोराः

यसैसाथ संलग्न अवधारणापत्र बमोजिम "राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" तर्जुमा गर्नका लागि सैद्धान्तिक स्वीकृति दिने।

मितिः २०८०।०६।३०

(लीला देवी गडतौला (निरौला))
सचिव

# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


च.नं. २९४

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मितिः२०८०।०५।२९

विषयः आयोगको नयाँ ऐन तर्जुमा सम्बन्धमा

उपर्युक्त सम्बन्धमा नेपालको संविधानको धारा २४९(५) को व्यवस्था बमोजिम निर्माण हुनु पर्ने राष्ट्रिय मानव अधिकार आयोग ऐनको लागि हालसम्म भएका प्रयासहरू सकारात्मक हुँदाहुदै पनि पारित हुन नसकेको अवस्थामा समयको अन्तरालसँगै विकसित भएका घटना र परिस्थितिलाई समेत मध्यनजर राखी नेपालको संविधानको मर्म र भावना एवम् राष्ट्रिय मानव अधिकार संस्था स्थापना गर्ने सम्बन्धी सिद्धान्त अनुरुप नयाँ ऐन निर्माण हुनुपर्ने देखिएको छ । आयोगका पदाधिकारीहरूको नियुक्ति, आयोगको आर्थिक र कार्यगत स्वायत्तता र स्वतन्त्रताको थप प्रभावकारिता तथा आयोगमा कार्यरत कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था पनि ऐनबाट नै सुनिश्चित हुन आवश्यक देखिएको छ । साथै मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा र संयुक्त राष्ट्र संघीय अन्य निकायहरूबाट प्राप्त सुझावहरूको प्रभावकारी कार्यान्वयन गर्दै पीडितलाई परिपूरण सहितको न्यायको पूर्ण अनुभूति दिलाई नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता पुरा गर्न पनि विद्यमान ऐनमा संशोधन गरेरमात्र सम्भव नदेखिँदा नयाँ कानून निर्माणको आवश्यकता देखिएको छ ।

अतः उल्लिखित आवश्यकता पुरा गर्न नयाँ कानून निर्माण प्रकृयाको लागि नेपाल सरकारलाई लेखी पठाउनु भनी आयोगबाट मिति २०८०/५/२६ गते निर्णय भएको व्यहारा अनुरोध गर्दै नयाँ ऐन निर्माणको लागि सैद्धान्तिक सहमति सहित ऐन तर्जुमा सम्बन्धी प्रकृया अगाडी बढाई दिनहुन निर्णयानुसार अनुरोध छ ।

साथमा प्रस्तावित १२ बुँदे सैद्धान्तिक सहमति सम्बन्धी मस्यौदा संलग्न गरिएको छ ।

...................

झंकरबहादुर रावल
उपसचिव


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग ऐन सम्बन्धी विधेयक, २०८० को १२ बुँदे सैधान्तिक सहमतीका विषयहरुः—

१ नयाँ ऐन बनाउनुपर्ने आवश्यकताः

(१) संयुक्त राष्ट्रसंघ महासभाको निर्णय ४८/१३४ को रुपमा २० डिसेम्बर, १९९३ मा मानव अधिकार संस्था स्थापना सम्बन्धी घोषणापत्र जारी भयो, जसलाई पेरिस सिद्धान्त नामाकरण गरिएको छ । उक्त सिद्धान्तले ती संस्थाहरुको स्वतन्त्रता, स्वायत्तता, बुहलवादमा आधारित, विस्तृत कार्यदेश, प्रयाप्त मानव तथा भौतिक संशाधन र सरकारको सहयोग हुनुपर्ने उल्लेख गरेको छ । जुन सिद्धान्तलाई नेपालले समेत अंगिकार गरेको छ[1] । उल्लिखित विषयहरु ऐनमा समावेश गर्न आवश्यक देखिन्छ ।

(२) उक्त सिद्धान्तको भावना र उदेश्य पूरा गर्न मानव अधिकार आयोग ऐन २०५३ अनुसार राष्ट्रिय मानव अधिकार आयोगको गठन भयो । मानव अधिकार आयोग ऐन, २०५३ ले आयोगका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था गरेको थियो[2] ।नेपालको अन्तरिम संविधान,२०६३ ले आयोगलाई संवैधानिक निकायको रुपमा व्यवस्था गरेको थियो ।आयोग संवैधानिक निकायको रुपमा परिणत भएपछि मानव अधिकार आयोग ऐन, २०५३ लाई खारेज गर्दै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को तर्जुमा भयो । तर उक्त ऐनले साविक ऐनमा भएको कर्मचारीको शेवा, सर्त सम्बन्धी व्यवस्था हटाएको देखिन्छ । साविक ऐन,२०५३ ले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को तुलनामा केहि हदसम्म आयोगको कर्मचारी व्यवस्थापन, कार्यगत र आर्थिक स्वायत्तता सम्बन्धी व्यवस्था गरेको थियो ।आयोगको कर्मचारीको सेवा शर्त, सुविधा तथा कार्यगत स्वतन्त्रता सम्बन्धी सर्वोच्च अदालतमा परेको एक रिटमा, 'संविधान तथा सो ऐनद्वारा निर्धारित काम कर्तव्य पुरा

[1] **The key pillars of the Paris Principles are pluralism, independence and effectiveness.**
The Paris Principles set out requirements in relation to:

- **Broad mandate,** so that NHRIs are able to promote and protect all human rights
- **Broad functions**, so that NHRIs are able to deliver on their mandate by providing advice, reporting and monitoring, handling complaints and human rights education, among other "responsibilities"
- **Independence from government**, set out in legislation or the Constitution
- **Pluralism**, to ensure that the composition of NHRIs reflects the "social forces (of civilian society) involved in the promotion and protection of human rights"
- **Adequate powers**, so that NHRIs can initiate inquiries and investigations, gather the evidence and documents they need, consult with NGOs and State institutions and publicise their reports, findings and recommendations
- **Adequate resources**, so that NHRIs have the funding, staffing, infrastructure and institutional capacity to perform their functions and discharge their responsibilities
- **Cooperative work**, recognising that effective human rights work requires NHRIs to collaborate with other State institutions, NGOs and civil society groups
- **International engagement**, so that NHRIs can contribute their knowledge and expertise to international and regional human rights bodies and mechanisms. https://ganhri.org.peris principles.

[2] मानव अधिकार आयोग ऐन २०५३ को "दफा १८. आयोगका कर्मचारी (१) आयोगले आफनो कामको लागि आवश्यक पर्ने कर्मचारी तोकिए बमोजिम नियुक्त गर्न सक्नेछ र त्यसरी नियुक्त कर्मचारीको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ" भनि व्यवस्था गरेको थियो ।

गर्नका लागि आयोगका कर्मचारी सम्बन्धी व्यवस्था गरी आयोगले आफ्नो कामका लागि आवश्यक पर्ने कर्मचारी तोकिए बमोजिम नियुक्ति गर्न सक्ने र त्यसरी नियुक्त कर्मचारीको सेवा, शर्त र सुविधा तोकिएबमोजिम हुने भनी उल्लेख गरी आयोगलाई कार्यगत स्वायतत्ताको प्रत्याभूत गरेको देखिन्छ'[3] भनी सम्मानित सर्वोच्च अदालतले व्याख्या गरि तदनुरुप ऐनमा व्यवस्था हुनुपर्ने निर्देश गरेको छ ।

(३) आयोगको साविक ऐन,२०५३ मा केही हदसम्म आर्थिक स्वायत्तता सम्बन्धमा व्यवस्था गर्ने प्रयास देखिन्छ[4]। तर वर्तमान ऐन,२०६८ मा आर्थिक व्ययभार पर्ने विषयमा अर्थ मन्त्रालयको स्विकृति लिनुपर्ने[5] अनिवार्य व्यवस्था गरिएकाले पेरिस सिद्धान्त अनुकूल हुने गरी ऐनमा आयोगको आर्थिक स्वायत्तता सम्बन्धी व्यवस्था हुनुपर्ने देखिन्छ ।वर्तमान संविधान २०७२ को प्रस्तावना, मौलिक हक तथा राज्यका नीति र निर्देशक सिद्धान्त, दायित्व अन्तरगत मानव अधिकारको संरक्षण, सम्बर्धन र त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चिता गर्न आयोगको कार्यगत स्वायत्तता रुपमा आयोगका कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्थाहरु कम्तिमा नेपाल सरकारका निजामती तथा सार्वजनिक सेवा सरह एकरुपता कायम गर्न सारभूत विषयहरु ऐनमा अनिवार्यरुपमा (Substantives) समावेश गर्नुपर्ने र केवल संशोधनले मात्र सबै विषयहरु समेटिन नसक्ने भएकाले नयाँ ऐनको आवश्यकता रहेको छ ।

(४) आयोगको ऐन,२०६८ नेपालको संविधान (२०७२) लागु हुनुभन्दा अघि बनेको हुँदा आयोगको ऐन वर्तमान संविधानको मर्म खासगरी, संघियता तथा शासकीय स्वरुप अनुकूल हुने गरि ऐन हुनुपर्ने देखिन्छ । वर्तमान संविधानमा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरुको नियुक्ति प्रकृया र काम, कर्तव्य र अधिकारको बारेमा स्पष्ट व्यवस्था गरिनुका साथै संविधानको धारा २९३ मा आयोगलाई एक स्वतन्त्र र स्वायत्त निकायको रुपमा परिकल्पना गरिएको छ[6] ।अतः संविधानको मर्मलाई धारा २४९ अनुकूल हुने गरी संघीय कानूनको रुपमा आयोगको ऐन तर्जुमा हुन आवश्यक देखिन्छ ।

---

[3] राममाया लामिछाने वि.राष्ट्रिय मानव अधिकार आयोग समेत(०६७–WC-०९५६, विषयः उत्प्रेषण)

[4] मानव अधिकार आयोग ऐन २०५३ को "दफा १५.आर्थिक व्यवस्थापन :: (१) आयोगको कार्य सम्पादन गर्न आवश्यक पर्ने साधन र श्रोतहरु आयोगले विभिन्न निकायबाट अनुदानको रुपमा प्राप्त गर्न सक्नेछ । (२) आयोगले दफा ९ बमोजिमका कार्यहरु सम्पादन गर्न सहायता पुऱ्याउने उद्देश्यले आर्थिक
सहायता लिन सक्नेछ ।"

[5] राष्टिय मानव अधिकार आयोग ऐन,२०६८ को "दफा ३२(१) मा नेपाल सरकारलाई आर्थिक व्ययभार हुने विषय समावेश भएको नियम बनाउदा अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ," भन्ने व्यवस्था गरिएको छ ।

[6] नेपालको संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारवाहीको अनुगमन सम्बन्धी व्यवस्था गरिएको छ । उक्त धारामा 'संवैधानिक निकायका प्रमूख र पदाधिकारी संघीय संसदप्रति उत्तरदायी र जवाफदेही रहनुपर्नेछ । प्रतिनिधीसभाका समितिले राष्ट्रिय मानव अधिकार बाहेकका अन्य संवैधानिक निकायको प्रतिवेदन लगायतका काम कारवाहीको अनुगमन र मुल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्नेछ' भनि उल्लेख गरिएको देखिन्छ । उक्त संवैधानिक प्रावधान पेरिस सिधान्तको मूल मर्म र भावनालाई समेटिएर व्यवस्था गरिएको देखिन्छ । संविधानमा भएको उक्त प्रावधानलाई आयोगको ऐनमा समेत संद्धान्तिरुपमा समेट्नु आवश्यक छ । आयोगलाई स्वतन्त्र र स्वायत्तरुपमा कार्य गर्न संविधानले दिएको उक्त कायदिशलाई कार्यान्वयन तहमा लैजानवर्तमान ऐनमा संशोधनको

(५) नेपाल पक्ष भएका संयुक्त राष्ट्रसंघीय सन्धिजनित समितिहरू र मानव अधिकारको विश्वव्यापी आवधिक समिक्षा (UPR) बाट नेपाल सरकारलाई विद्यमान राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा सुधार गरी राष्ट्रिय मानव अधिकार संस्था स्थापना सम्बन्धी सिद्धान्त अनुकूल बनाउन सिफारिस भएको छ । यसर्थ संविधानको धारा २४९ को उपधारा ५ मा भएको व्यवस्था अनुकूल आयोगको ऐन संघीय कानूनको रुपमा तर्जुमा हुन आवश्यक देखिन्छ[7]। तदनुकूल कानून नबन्दा नेपालको संविधानको धारा २४९(२) का कतिपय प्रावधान अझैसम्म कार्यान्वयनमा आउन नसकेको अवस्था छ[8]।

(६) सम्मानित सर्वोच्च अदालतले आयोगको अधिकार क्षेत्र, स्वतन्त्रता, स्वायत्तता र कर्मचारी व्यवस्थापन सम्बन्धमा व्याख्या गरी नेपाल सरकारलाई तदनुरुप व्यवस्था गर्न निर्देश गरेको छ[9] । सर्वोच्च अदालतबाट भएको व्याख्यात्मक निर्देशन जस्ताको त्यस्तै तपसिलमा प्रस्तुत गरिएको छ–

(क) राष्ट्रिय मानव अधिकार आयोगलाई विना हस्तक्षेप जनताको मानव अधिकारको संरक्षण, सम्बर्धन गर्नुपर्ने हुँदा यस्तो कार्यलाई एउटा छुट्टै विशिष्ट र स्वायत्त क्रियाकलापको रूपमा विश्वभरी नै हेर्ने गरिएको पाइन्छ, । जसको सान्दर्भिकता नेपालको सन्दर्भमा पनि देखिन्छ । मानव अधिकारको संरक्षणको दृष्टिबाट र यसको प्रकृतिले नै आयोगको कार्यक्षेत्र अरू निकायको भन्दा फरक किसिमको रहेको देखिन्छ [10]।

(ख) मानव अधिकारको प्रभावकारी कार्यान्वयन, संरक्षण र सम्बर्धन गर्ने यस्तो अहम् उद्देश्यका साथ अस्तित्वमा रहको मानव अधिकार आयोग जस्तो उद्देश्यमूलक र सेवामूलक संवैधानिक निकाय र नेपाल सरकारद्वारा संस्थापित अन्य प्रशासनिक निकायका बीचमा तुलना गरी यस निकायको स्वतन्त्रता र स्वायत्तताका सम्बन्धमा हलुका ढंगले लिन किमार्थ मिल्दैन[11]। अन्तर्राष्ट्रिय मापदण्ड हेर्दा राष्ट्रिय मानव अधिकार संस्थाहरुको गठन र स्वतन्त्रताको प्रत्याभूतिको व्यवस्था गर्दैत्यस्ता निकायहरूले आफ्नो सहज गतिविधि सञ्चालन गर्नको लागि पूर्वाधार खडा गर्न सक्ने र खास गरी प्रयाप्त आर्थिक कोषको व्यवस्था समेत गर्न सक्ने गरी स्वायत्तता प्रदान गरेको देखिन्छ ।

---

माध्यमबाट व्यवस्था गर्नु आवश्यक देखिन्छ। नेपालको संविधान,२०७२, धारा २४८ ले राष्ट्रिय मानव अधिकार आयोग गठन गरी धारा २४९ मा आयोगको काम, कर्तव्य र अधिकार निर्धारण गरेको छ ।

[7] नेपालको संविधानको धारा २४९(५) मा राष्ट्रिय मानव अधिकार आयोगको अन्य काम कर्तव्य र अधिकार तथा कार्यविधी संघिय कानून बमोजिम हुनेछ भनि व्यवस्था गरेको छ ।

[8] नेपालको संविधानको धारा २४९(२) ग मा मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्धा चलाउनुपर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्धा दायर गर्न शिफारिस गर्ने भन्ने व्यवस्था रहेको छ ।

[9] ओम प्रकाश अर्याल वि. नेपाल सरकार समेत (०६८–wc–००६३, विषयः उत्प्रेषण) र (राममाया लामिछाने वि.राष्ट्रिय मानव अधिकार आयोग समेत (०६७–wc–०९५६, विषयः उत्प्रेषण)

[10] (राममाया लामिछाने वि.राष्ट्रिय मानव अधिकार आयोग समेत(०६७–wc–०९५६, विषयः उत्प्रेषण)

[11] ऐ.ऐ. पुर्ववत ।

(ग) राष्ट्रिय मानव अधिकार आयोगलाई प्राप्त आर्थिक तथा अन्य व्यवस्थापकीय स्वायत्तताका सम्बन्धमा स्थापित अन्तर्राष्ट्रिय मान्यतालाई नजर अन्दाज गरी सरकारी निकायको मापदण्ड अपनाउन बाध्य गरी सञ्चालन गर्न कर लगाउन मिल्ने देखिँदैन र त्यसमा हस्तक्षेप गर्नु मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मूल्य मान्यता तथा पेरिस सिद्धान्तले आत्मसात गरेको मर्म विपरित समेत हुन आउँछ[12] ।

.(घ) मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहनको घटनामा दोषी व्यक्ति उपर आयोगले प्रचलित कानूनबमोजिम मुद्दा चलाउन आवश्यक देखी मुद्दा दायर गर्न सिफारिश गरेपछि सो विषयमा महान्यायाधिवक्ता वा निज मातहतको कुनै सरकारी वकील कार्यालयले अन्य अपराधमा जस्तो मुद्दा चलाउन आवश्यक छ, वा छैन भनी आयोगको सिफारिशको औचित्यमाथि अन्यथा प्रश्न गर्न मिल्ने अवस्था देखिदैन [13] ।

(७) लोकसेवा आयोगको पत्र संख्या २०७८/७९ च.नं.८८ प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई पठाएको परामर्शको बुँदा नं.१ मा "नेपालको संविधान बमोजिम राष्ट्रिय मानव अधिकार आयोग संवैधानिक निकाय भएकाले सो अनुकूल राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरुको सेवा सर्त सम्बन्धी ऐन बनाउन आवश्यक देखिएकाले सोका लागि तत्काल कार्य अगाडि बढाउन सम्बन्धित निकायमा लेखि पठाउने" भनि लोक सेवा आयोगको निर्णय भएको र सोको जानकारी च.नं.१७९।०७८।७९ मिति २०७८।१२।२१ भएको ।आयोगको ऐन नबन्दासम्म अन्तरिम रुपमा हाल नियमावलीमा व्यवस्था गरिएकाले आयोगको कर्मचारीको सेवा, सर्त र सुविधा सम्बन्धी मूलभुत विषयहरु सबै ऐनमा समावेश गर्न आवश्यक रहेको छ । लामो समयदेखि ऐन बन्न नसक्दा आयोगमा कार्यरत कर्मचारीहरूको वृति विकास र निवृतिभरण लगायत सेवा सुविधाबाट बंचित हुनुपर्ने अवस्था देखिएको छ ।

(८) संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषदमा दुई–दुई पटक सदस्य निर्वाचित भएको नेपालले संयुक्त राष्ट्रसंघीय संयन्त्र (UPR) ले गरेका सिफारिस कार्यान्वयन नगर्दा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धतामाथि सम्बोधन गर्नुपर्ने आवश्यकता पनि रहेको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत कानूनी रुपमै आयोग सक्षम र स्वायत्त निकायको रुपमा स्थापित भएको हेर्न चाहन्छ ।

(९) विश्वभरीका मानव अधिकार आयोगहरुको स्तरीकरण गर्न संयुक्त राष्ट्रसंघबाट अनुमोदित राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल (GANHRI-SCA) ले आवधिक रुपमा स्तर निर्धारण गर्ने गरेको छ । उक्त संयन्त्रले नेपालको सन्दर्भमा आयोग स्थापना भएको २२ बर्षको इतिहासमा पेरिस सिद्धान्त अनुकूल नभएको भन्दै १९ पटक स्तर निर्धारण गरेको देखिन्छ[14]।हालै सो सञ्जालले आयोगको स्वायत्तता सम्बन्धमा केही

[12] (राममाया लामिछाने वि.राष्ट्रिय मानव अधिकार आयोग समेत(०६७-छ-०९५६, विषय: उत्प्रेषण) ।

[13] ऐ.ऐ. पूर्ववत ।

[14] After holding a review for two consecutive years, the sub-committee on accreditation (SCA) of the global alliance has recommended downgrading the national human rights watchdog to "B" status. "The SCA recommends that the

प्रश्न सहित सिफारिस समेत गरेको छ । उसले गरेका शिफारिस कार्यान्वयन नभए नेपालको राष्ट्रिय मानव अधिकार आयोगको स्तर बी मा झार्ने समेतको कारवाही हुने जनाएको छ । आयोगको स्तर ए मा नै कायम राख्न र अन्तराष्ट्रिय स्तरमा प्रतिष्ठा कायम गर्न समेत उसले औंल्याएका विषयहरु ऐनमा समावेश गर्नुपर्ने देखिन्छ

(१०) संयुक्त राष्ट्रसंघको मानव अधिकार रक्षकहरुको अन्तर्राष्ट्रिय घोषणापत्र १९९८[15] ले निर्दिष्ट गरेका विषयहरु समेटिने गरि ऐनमा समावेश गर्नुपर्ने देखिन्छ ।त्यसैगरी पिडितहरुलाई तत्काल Rescue /Response को लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मातहत र आयोगको शिफारिसमा संचालन हुने गरि एक विशेष कोषको व्यवस्था गर्न आवश्यक छ । यसर्थ माथि उल्लिखित बुँदा नं. १ देखि ९ सम्मका सबै विषयहरु वर्तमान ऐनमा संशोधनको माध्यमबाट प्राविधीक रुपमा समेटिन नसकिने भएकाले सैद्धान्तिक सहमति लिई नयाँ ऐन बनाउन आवश्यक देखिन्छ ।

**२ नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धिः**

(१) नयाँ ऐन बनाई कार्यान्वयन भएमा नेपालको संविधानको धारा २४९ को उपदफा (२) र (५) प्रभावकारी कार्यान्वयन हुने छ ।पेरिस सिद्धान्तअनुकूल हुने गरी आयोगको स्वतन्त्रता र स्वायत्तताको प्रत्याभूति भई अन्तराष्ट्रिय स्तरमा राष्ट्रको सम्मान उचो हुनेछ ।

(२) आयोग राज्यको संघीयता तथा शासकीय स्वरुप अनुकूल वर्तमान आयोगको संवैधानिक कार्यादेश बमोजिम मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा थप प्रभावकारिता आउने छ ।

(३) नयाँ ऐन बनाउने सम्बन्धमा सैद्धान्तिक रुपमा लोक सेवा आयोगको च.नं. ८८ मिति २०७८।१२।२१ को सिफारिस (प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई) कार्यान्वयन भई ऐनमा नेपाल मानव अधिकार सेवा गठन सम्बन्धी व्यवस्था हुनेछ र आयोगको सेवा अझ प्रभावकारी हुनेछ ।

(४) मानव अधिकार रक्षकको संरक्षण सम्बन्धी थप व्यवस्थाले आयोग र सरकारसँगको सहकार्य र समन्वय थप प्रभावकारी हुने, पीडितहरुले पाउनुपर्ने न्याय, राहत जस्ता विषयको कार्यान्विय हुने, GANHRI ले उठाएको सवालमा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन भई अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिष्ठामा वृद्धि हुने र स्थापनादेखि 'ए' स्तरको मान्यता प्राप्त नेपालको आयोगको स्तर निरन्तर कायम राख्ने कार्यमा सहयोग पुग्नेछ

---

NHRC be downgraded to B status," The kathmandu post, Monday, August 28, 2023
https://tkpo.st/3TpvkXRhttps://tkpo.st/3TpvkXR reads the decision from the sub-committee released on Tuesday.
https://tkpo.st/3TpvkXR

[15] संयुक्तराष्टसंघ मानव अधिकार रक्षकहरुको अन्तराष्टिय घोषणा पत्र १९९८, www.ohchr.org

(५) नयाँ ऐनमा आयोगको काम कर्तव्य अधिकार, कर्मचारीहरु, मानव अधिकार रक्षक तथा पीडितहरुको न्याय र परिपूरण सम्बन्धी समग्र विषय समावेश हुनेछन् । जसले सरकार र आयोग प्रतिको जनविश्वासमा अभिवृद्धि हुनेछ । आयोगको संस्थागत विकासमा महत्वपूर्ण टेवा पुग्नेछ ।

३. प्रस्तावित विषयमा मौजुदा कानून भए:

(क) ऐनः प्रस्तावित विषयमा मौजुदा आयोगको कानूनको रुपमा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ रहेको भएपनि प्रस्तुत ऐनले वर्तमान संविधान अनुकूल हुनेगरी आयोगको कार्यक्षेत्र, स्वायत्तता सम्बन्धी व्यवस्था स्पष्टता नभएको र कर्मचारीको सेवा,शर्त सुविधा तथा माथि बुँदा नं.१ मा उल्लिखित बमोजिम ऐनमा समावेश हुन नसकेको

(ख) नियमावलीः ऐन नहुँदाको अवस्थामा आयोगका कर्मचारीको सेवा, सर्त र सुविधा सम्बन्धी नियमावली,२०७२ (छैटौं शंसोधन) रहेको, लोक सेवा आयोग तथा अर्थ मन्त्रालयको परामर्श, सहमतीअनुसार व्यवस्थापन कार्य भैरहेको, तर ऐन नभएको ।

४. मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारणः

मौजुदा ऐनलाई संविधान बमोजिम संघीय कानूनमा परिणत गर्न र आयोगको स्वायत्तताका विषयहरु, संविधानको धारा २४३(२) अनुकूल हुनेगरी आयोगका कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था, मानव अधिकार रक्षक, पीडितमूखी सहायता कोष लगायतका विषयहरु विद्यमान आयोगको ऐन, २०६८ मा संशोधनबाट मात्र सबै विषय समावेश हुन नसक्ने भएकाले कार्यगत एवम् वित्तीय स्वायत्तता सहित सारभूत विषयहरु समेत समावेस गर्नुपर्ने भएकोले नयाँ ऐन ल्याउनुपर्ने देखिन्छ । संशोधनको माध्यमबाट सबै विषय समावेश नहुने हुँदा उपलब्धि हासिल गर्न सम्भव देखिन्न ।

५.प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्विकृत गरेको भए उक्त नीति कुन विधि (Methods) बाट तर्जुमा भएको हो:

(क) तार्किक पद्धति (Rational Method)
(ख) बढोत्तरी पद्धति (Incremental Method)
(ग) मिश्रित पद्धति (Mixed Method)

६. नीति निमार्णमा संलग्न प्रमूख पदाधिकारी (मस्यौंदा उपर छलफल गर्ने प्रयोजनको लागि):

७ प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तराष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः

यस सम्बन्धमा नमूनाको रुपमा केहि कानूनहरु

| S.N. | Country | Name of NHRI | Status | Act |
|---|---|---|---|---|
| 1. | India | National Human Rights Commission of India | A | The Protection of Human Rights Act, 1993 |
| 2. | Australia | Australian Human Rights Commission | A | Australian Human Rights Commission Act, 1986 |
| 3. | South Africa | South African Human Rights Commission | A | South African Human Rights Commission Act, 2013 |
| 4. | Republic of Korea | National Human Rights Commission of Korea | A | National Human Rights Commission Act, 2001 |

**८.प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निमार्ण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोरा :**

निम्न निकायबाट सुझाव प्राप्त भएको छ :

(१) विश्वभरीका मानव अधिकार आयोगहरुको स्तरीकरण गर्न संयुक्त राष्ट्रसंघबाट अनुमोदित राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल GANHRI-SCA ले दिएको सुझाव तथा शिफारिसले निर्देशित गरेका विषयहरु (माथी बुँदा नं.१ मा उल्लिखित अनुसार)

(२) सम्मानित सर्वोच्च अदालतको आदेश (माथी बुँदा न १ को ६ अनुसार)

(३) UPR का सिफारिसहरू

(४) नयाँ ऐन बनाउने सम्बन्धमा लोक सेवा आयोगको च.नं. ८८ मिति २०७८।१२।२१को अर्थ मन्त्रालयको प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पठाएको सैद्धान्तिक परामर्श सहितको पत्र ।

(५) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कानून तथा मानव अधिकार महाशाखा, संघीय ससद, कानून तथा मानव अधिकार समितिका मा.सांसदहरुको सुझाव र सल्लाह, विभिन्न छलफल/ परामर्श कार्यक्रममा सरोकारवाला, नागरिक समाज, तथा अधिकारवादीहरुबाट समेत आयोगको स्वतन्त्रता र स्वायत्तताका विषयमा सल्लाह, सुझावहरु प्राप्त भएका छन् ।

**९. प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः**

राष्ट्रिय मानव अधिकार आयोगलाई आयोगको मौजुदा सांगठनिक संरचना अनुसार बार्षिकरुपमा नियमित तथा कार्यक्रम र भैपरि रुपमा बजेटको विनियोजन हुँदै आएको । राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली,२०७२ (छैटौ संशोधन) मा भएको कर्मचारीहरुको तलब भत्ता र अन्य सुविधा लगायतको शीर्षकमा नियमित बजेट विनियोजन हुँदै आइरहेकोले थप व्ययभार नपर्ने ।

१०. प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने:

नपर्ने ।

११. प्रस्तावित कानून निमार्ण गर्न कुनै निकायको परामर्श, सहमति लिनुपर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको:

आयोगको सेवा, दरबन्दी पदपूर्ति सम्बन्धी विषयमा समेत "नेपालको संविधान बमोजिम राष्ट्रिय मानव अधिकार आयोग संवैधानिक निकाय भएकाले सो अनुकूल राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरुको सेवा सर्त सम्बन्धी ऐन बनाउन आवश्यक देखिएकाले सोका लागि तत्काल कार्य अगाडि बढाउन सम्बन्धित निकायमा लेखि पठाउने" भनि लोक सेवा आयोगको १७९।०७८।७९ मिति २०७८।१२।२१ मा निर्णय भएको र सोको जानकारी समेत भएको छ ।र आर्थिक व्ययभार पर्ने विषयमा अर्थमन्त्रालयबाट सहमति लिएको ।

१२. प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरुः

(१) नेपालको संविधानको प्रस्तावना, मौलिक हकमा भएका व्यवस्थाहरु, राज्यको निर्देशक सिधान्त र नीति र पेरिस सिद्धान्तको कार्यान्वयसँग सम्बन्धित विषयहरुलाई आत्मसाथ गर्दै आयोगको स्वतन्त्रता, आर्थिक र कार्यगत स्वायत्तताका सारभूत विषयहरु ।

(२) नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड (ग) को व्यवस्था अनुकूल हुनेगरि संवैधानिक व्यवस्थाको कार्यान्वयनसंग सम्बन्धित विषयहरु र धारा २४८ अनुसार आयोगका पदाधिकारीको नियुक्ति प्रकृयासँग सम्बन्धित विषयहरु ।

(३) पेरिस सिद्धान्त, संविधानको धारा २४३(२) अनुकूल हुने गरी आयोगका कर्मचारीहरुको सेवा सर्त र सुविधा सम्बन्धी व्यवस्थाहरु ।

(४) मानव अधिकार रक्षकको सुरक्षा, संरक्षण तथा शसक्तीकरण गर्न र पीडितलाई तत्काल राहतको व्यवस्था गर्नको लागि ऐनमा विशेष कोष हुने व्यवस्था ।

(५) राष्ट्रिय मानव अधिकार संस्थाहरूको स्तर निर्धारण गर्ने विश्वव्यापी सञ्जाल GANHRI-SCA ले दिएको सुझाव बमोजिम आयोगको स्वतन्त्रता र स्वायत्ताको विषयहरु ।